# नेपाल आदिवासी जनजाति महासंघ
## संघीय परिषद् सचिवालय
## Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# प्रेस विज्ञप्ति

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण अयोगले ४ महानगरपालिका, १२ उपमहानगरपालिका, २४१ नगरपालिका र ४६२ गाउँपालिकाको ७१९ स्थानीय तहसहितको अपुरो र अधुरो त्रुटिपूर्ण प्रतिवेदन नेपाल सरकारलाई २०७३ पौष २२ गते बुझाएकोप्रति नेपालको सिङ्गो आदिवासी जनजातिहरूको साझा संस्था नेपाल आदिवासी जनजाति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

आयोगलाई संविधानको भावनाअनुरुप कार्य गर्न गराउन सजग र सचेत गराउँदै नेपाल आदिवासी जनजाति महासंघले विभिन्न समयमा ध्यानाकर्षण र ज्ञापनपत्र बुझाएको स्पष्ट छ। सो आयोगको काम कारबाहीप्रति नेपाल आदिवासी जनजाति महासंघको असहमति रहँदारहँदै पनि आयोगले अटेर गरेर सरकारलाई प्रतिवेदन बुझाई सकेकोप्रति समेत गम्भीर विमत्ति छ।

नेपालको संविधानको धारा ५६ को उपधारा ४, ५ र धारा २९५ को उपधारा ३ विपरित सो आयोगले गरेको कार्य र नेपाल सरकारलाई बुझाएको प्रतिवेदन गैरसंवैधानिक रहेको महासंघको ठहर छ। स्थानीय तहको पुनर्संरचनाबारे आयोगको प्रतिवेदन स्वयम् संविधान विपरित मात्रै होइन स्वयम् आयोगको क्षेत्राधिकार, कार्यशर्त तथा कार्यविधिको भावनाविपरित र संघीय राज्य पुनःसंरचनाको मूल अवधारणा विपरित रहेको समेत ठहरसँगै संघीय राज्य पुनःसंरचनामा संघ, प्रदेश, स्थानीय तहमा नगरपालिका, गाउँपालिका, विशेष स्वायत्त क्षेत्र, संरक्षित क्षेत्रबीच समन्वयको विश्वव्यापी सिद्धान्तअनुसार हुनुपर्नेमा मूल सिद्धान्तविपरित आएको र आदिवासी जनजातिमाथि थप विभेद गर्ने षड्यन्त्रपूर्वक ढंगले आएको संरचना हामी आदिवासी जनजातिलाई कदापि स्वीकार्य हुन सक्दैन।

आयोगलाई नेपाल आदिवासी जनजाति महासंघले पछिल्लो समय २०७३ पौष १८ गते आयोगको कार्यलयमा सात बुँदे ज्ञापनपत्र पनि बुझाइएको अवगत गराउँदै उक्त ज्ञापन पत्रको मर्म र भावना विपरित आयोगको प्रतिवेदनलाई महासंघले आत्मसाथ गर्न नसक्ने हुनाले आयोगको प्रतिवेदन सच्चाउन पनि जोडदार माग गर्दछौं। नेपालको संविधानमा यस आयोगबारे व्यवस्था गरिएको संवैधानिक व्यवस्थाविपरित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले सरकारलाई बुझाएको अपुरो र अधुरो त्रुटिपूर्ण प्रतिवेदन नेपाल आदिवासी जनजाति महासंघलाई स्वीकार्य नभएको थप स्पष्ट पार्दै उक्त प्रतिवेदन कार्यन्वयन नगर्न र नगराउन नेपाल आदिवासी जनजाति महासंघ जोड्दार माग गर्दछौं।

स्थानीय तहको संख्या र सीमाना निर्धारण सम्बन्धमा सरकारले हिजोका दिनमा झैँ सत्ता र शक्तिको बलमा आदिवासी जनजातिलाई पेलेर जाने नीति लिएमा आदिवासी जनजाति महासंघ जुनसुकै मूल्य चुकाउन तयार रहेको र आदिवासी जनजातिको चाहना र भावनाविपरित सरकार अगाडि बढेमा त्यसबाट उत्पन्न जुनसुकै परिस्थितीको जिम्मेवार स्वयम् सरकार हुने समेत स्पष्ट पार्न चाहन्छौं।

मिति : २०७३ पौष २५ गते

नित्या नन्द ताजपुरिया
महासचिव
०१५५५५४५४/९८५२६७०२८४